# स्थानीय राजपत्र

**भाग : १, खण्ड : ७, संख्या २१, राजपत्रमा प्रकाशित मिति २०८२।०३।२५**

नगरसभा वैठकवाट स्वीकृती मिति : २०८२।०३।१३

प्रमाणिकरण मिति : २०८२।०३।२०


## दिपायल सिलगढी नगरपालिका, डोटी

# दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८०

# (दोस्रो संसोधन) २०८२

# दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० (दोस्रो संसोधन) २०८२

दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० लाई संसोधन गर्न वाच्छनीय भएकोले नगर सभाले देहायका दफाहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यव्थापन ऐन, २०८० (दोस्रो संसोधन २०८२) रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा ३ मा संसोधनः मुल ऐनको दफा ३ को उपदफा (१) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

३. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा ४ मा संसोधनः

(१) मुल ऐनको दफा ४ को उपदफा (१) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) मुल ऐनको दफा ४ को उपदफा (२) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(३) मुल ऐनको दफा ४ को उपदफा (४) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

४. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा ७ मा संसोधनः मुल ऐनको दफा ७ को उपदफा (१) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

५. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा ८ मा संसोधनः मुल ऐनको दफा ८ को उपदफा (१) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

६. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा ९ मा संसोधनः

(१) मुल ऐनको दफा ९ को उपदफा (३) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) मुल ऐनको दफा ९ को उपदफा (४) को दस्तुर दिपायल सिलगढी नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

७. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा १४ मा संसोधनः मुल ऐनको दफा १४ बमोजिमको व्यहोरा हटाई देहाय बमोजिमको व्यहोरा थप गरिएको छ।

१. सार्वजनिक सवारी साधनको मार्ग इजाजत पत्र लिनु देहाय बमोजिम जाचपास गराउनु पर्नेछ,

- तयारी सवारी साधन आयात भइ सार्वजनिक सवारीको रुपमा दर्ता गरि नामसारी भएको मितिले सात दिनभित्र जाचपास गराउनु पर्ने,

उपदफा (१) बमोजिम जाचपास नगराएमा मार्ग इजाजतपत्र दिइने छैन।

२. सवारीसाधन जाचपास गराउन सवारीधनी वा बेवस्थापकले तोकिएको ढाचामा तोकिएको दस्तुर बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निबेदन दिनु पर्ने छ।

३. उपदफा (२) बमोजिम निवेदनका आधारमा अधिकार प्राप्त अधिकारीले सार्वजनिक सवारी जान्न लगाई यान्त्रिक इस्तिती र स्वरूप ठिक देखेमा तोकिएको ढाचामा जाचपासको प्रमाणपत्र दिनु पर्ने छ।

४. जाचपासको प्रमाणपत्रको मन्येता छ महिनासम्मको लागि हुनेछ।

५. उपदफा (४) बमोजिमको म्याद नाघेको मितिले सातदिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाचपासको लागि निबेदन दिइ जाचपास गराउनु पर्नेछ।

६. उपदफा (५) बमोजिमको म्यादभित्र पुन: जाचपास नगराएमा म्याद नाघेको मितिले पैतिस दिनभित्र सवारी जाचपास गराउन ल्याएमा लाग्ने दस्तुरको अतिरिक्त सत प्रतिसत थप दस्तुर बुझाउनु पर्नेछ।

७. उपदफा (६) बमोजिम म्याद नघाइ सार्वजनिक सवारी पुनः जाचपास गराउन ल्याएमा उपदफा (६) बमोजिमको दस्तुरको अतिरिक्त एक हजार रुपैया जरिवाना लिइ पुनः जाचपास गरि जाचपासको प्रमाणपत्र दिनु पर्नेछ।

८. दिपायल सिलगढी नगरपालिकाको तीन पाग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० को दफा २० पछी देहाय बमोजिमको दफा २१ थप गरिएको छ ।

१. सार्वजनिक सवारीले यातायात सेवा संचालन गर्न मार्ग इजाजतपत्र लिनु पर्नेछ।

२. यातायात सेवा संचालन गर्ने सार्वजनिक सवारीले कुनै मार्ग प्रयोग गर्नु परेमा निर्धारित दस्तुर बुझाई तोकिएको ढाचामा निबेदन दिनुपर्ने छ।

३. उपदफा (२) बमोजिम निबेदन परेमा देहायेका बिसएमा जाच गरि मार्ग इजाजत पत्र दिनु पर्ने छ।

- सवारी चालक, तेस्रो पक्ष र यात्री बिमा,
- सवारी जाचपास,
- सवारी दर्ता प्रमाणपत्र नबिकरण ।

४. मार्ग इजाजत पत्र ६ महिनासम्म मान्य हुनेछ।

॥ समाप्त ॥

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत